# प्राथमिक तहमा लिम्बू समुदायको शैक्षिक सहभागिता

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन
विषयको **Ed. CE.(598)** को शोधपत्र लेखनको
आवश्यकता पूरा गर्नका लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
रमा खनाल
परीक्षा रोल नं. २८००७६/२०६७
त्रि.वि. दर्ता नं. ९-२-९-९९१-२००५

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०६९, भदौ

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र केन्द्रीय विभाग**
**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**
**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको छात्रा रमा खनालले **प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता** शीर्षकमा मेरो प्रत्यक्ष निर्देशनमा रही शोधपत्र लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि स्वीकृति दिन सिफारीस गर्दछु ।

............................

मिति : २०६९/०५/२७ — शोधनिर्देशक

12 September, 2012 — उप प्रा. विश्ववाला थापा

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र केन्द्रीय विभाग**
**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङकन मूल विषय, स्नातकोत्तर तह द्वितीय वर्षका छात्रा रमा खनालले तेह्रथुम जिल्लामा सञ्चालित "**प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता**" शीर्षकमा शोधपत्र तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारीस साथ यस मूल्याङ्कन समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयं प्रकाश ज.व.रा<br>(विभागीय प्रमुख ) | ............................ |
| उप. प्रा. विश्ववाला थापा<br>(शोध निर्देशक) | ................................ |
| किरण रन्जितकार<br>(बाह्य सुपरीवेक्षक) | ............................... |

मिति : २०६९/०६/०३
19 September, 2012

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न “प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता” शीर्षकमा यो शोधपत्र प्रतिवेदन तयार पारिएको छ ।

यस शोधपत्र प्रतिवेदनको तयारीको क्रममा समय समयमा आफ्नो अमुल्य समय, नियमित सुपरीवेक्षण तथा मार्ग निर्देशन गरिदिनु भइ आवश्यक तथ्याङ्क संकलन प्रक्रिया तथा सन्दर्भ सामग्री संकलन गर्न र यस शोधपत्रको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न भरपुर सहयोग सरसल्लाह एवं कुशल निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक उप प्रा.विश्ववाला थापा ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी यो शोधपत्र लेखन कार्यमा सहयोग पुऱ्याइदिनुहुने प्राध्यापकज्यूहरु प्रा. स्वयम् प्रकाश ज.व.रा. श्री कीरणराम रञ्जितकार, शीवराज बढू, श्रीमती यशोधरा पन्त लगायत अन्य गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको लागि सुचना संकलन गर्नमा आवश्यक सहयोग गर्ने श्री रत्न उच्च माध्यमिक विद्यालय सोल्मा, श्री प्रजातन्त्र प्रा. वि. सोल्मा, श्री सिंहदेवी उच्च मा. वि. सुङ्नाम र श्री राष्ट्रिय दिब्येश्वरी प्रा. वि. सुङनाममा अध्यापन गराउने शिक्षक तथा विद्यार्थीहरुलाई हृदय देखिनै  हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि आवश्यक रुपमा उच्च शिक्षा हाँसिल गराउन आर्थिक एवं अन्य सहयोग गर्नुहुने मेरा आत्मीय जीवनसाथी ज्ञानमणी पौडेल लगायत घरपरिवार प्रति पनि धन्यवाद दिन चाहन्छु । त्यस्तै सुचना संकलन गर्नको लागी सहयोग गर्नुहुने जतिपनि अभिभावकहरु, शिक्षाप्रेमी, समाजसेवीहरुप्रति आभार प्रकट गर्न चाहन्छु । यस शोधकार्य सम्पादनको शिलशिलामा सहयोग गर्ने मित्रहरु सिर्जना आचार्य, कविता तिमल्सिना, चलन लिम्बू, योगेन्द्र विष्ट, सुदर्शन गौतम, बशन्ती कुवँर, उमा साही र माधव न्यौपाने प्रति आभारी छु ।

अन्तमा शोधपत्रलाई कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने साथी इन्द्र श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**

रमा खनाल

२०६९, भदौ

## शोधसार

शिक्षा मानव जीवनको लागि नभई नहुने कुरा हो र यसको विकास मानव सभ्यताको सुरुवातसँगै भएको पाइन्छ । प्राचिन कालमा शिक्षा ज्ञान आर्जन गर्ने मोक्ष प्राप्तिका लागि लक्षित थियो र समय र परिस्थिति अनुसार शिक्षामा नयाँ-नयाँ विचारहरुको विकास भई यो आ-आफ्नो देशको समय परिस्थिति अनुसार देशको शिक्षा प्रणालीमा समेत क्रमशः परिवर्तन हुँदै गएको पाइन्छ । त्यही अनुरुप शिक्षा ग्रहण गर्ने क्रममा विद्यालयीय शिक्षाको आधारको रुपमा प्राथमिक तहलाई लिइन्छ । भनाई नै छ । घर बलियो बनाउन जग बलियो हुनुपर्छ त्यही अनुरुप माथिल्लो कक्षाको पढाइलाई राम्रो बनाउन प्राथमिक तहकै पढाइ राम्रो हुन जरुरी देखिन्छ ।

नेपाल अनेकतामा एकता अर्थात जैविक विविधता भएको देश हो । यहाँ १०२ भन्दा बढी जनजातिहरुको बसोबास रहेको छ र हरेकको आ-आफ्नै प्रकारको रितिरिवाज, परम्परा, मूल्य मान्यताहरु रहेका छन् । जसमध्येको एक समूदायमा लिम्बूलाई लिइन्छ । जुन ५९ जातको जनजाति मध्येको एक हो । यो मंगोल जात अन्तरर्गत पर्दछ । लिम्बू समूदायको मूल थातथलोको क्षेत्रलाई लिम्बूवान भनिन्छ । नेपालमा रहेका पूर्वका ९ वटा जिल्लामा बसोबास भएको पाइन्छ । यस जातिको प्राथमिक विद्यालयीय तहमा शिक्षाको सहभागिता के-कस्तो रहेको छ भन्ने बुझ्ने प्रयास गरिएको थियो । जनजातिको रुपमा मध्यम खालको मानिने यस समूदायको शैक्षिक सहभागिता पनि मध्यम खालको नै देखिन्छ । यस जातिको विद्यालय शिक्षामा कक्षा छाड्ने, दोहोर्‍याउने तथा बिचैमा विद्यालय आउन छोड्ने कारण र तिनीहरुको कारणहरु पत्ता लगाउनु रहेको थियो । यसरी यस्ता कुराहरु पत्ता लगाउन गुणात्मक विधिको ढाँचालाई आधार मानिएको थियो ।

यस अध्ययन “प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागिता” शीर्षकको गरिएको थियो । जसको उद्देश्य प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागिता हेर्न र उक्त समूदायको विद्यालय छोड्ने, दोहोर्‍याउने साथै बिचैमा कक्षा छोड्ने प्रवृति कारण पत्ता लगाउने रहेको थियो । जसको लागि लिम्बू जातिको शैक्षिक सहभगिता हेर्न विद्यालयमा उक्त समूदायको विद्यालयको भर्नाको स्थिति विद्यालय अघिनै औषत उपस्थिति, कक्षा अवलोकन, शिक्षक, अभिभावक, विद्यार्थी र समाजसेवी सँगको अर्न्तवार्ताको लागि प्रश्न निर्माण गरी सूचना संकलन गरिएको थियो । यसरी उक्त सूचनाका साधनको निर्माण गरि लिइएको तथ्याङ्कको आधारमा विद्यालय शिक्षामा लिम्बू जातिको भर्नाको अवस्था हेर्दा अन्य जनजीतको समूहको तुलनामा अलिक कम देखिए पनि समग्रमा त्यति कम भने देखिंदैन तर कक्षा छाड्ने र दोहोर्‍याउने अनुपातमा भने अन्य जनजीतको तुलनामा बढि देखिएको छ । यसमा हुने प्रमुख कारणहरुमा आर्थिक अवस्था कमजोर हुनु, अभिभावकमा जनचेतनाको कमि, सामाजिक, सांस्कृतिक कारणहरु कृषि कार्यमा सहयोग गर्नुपर्ने, विद्यालयमा पढ्ने उपयुक्त वातावरणको अभाव, विद्यालय नियमित उपस्थित नहुन जस्ता विविध कारणहरु रहेको पाइयो ।

यसर्थ यस्ता विविध कारणले गर्दा लिम्बू जातिको शैक्षिक सहभागितामा बाधा पुर्‍याई रहेको बेलामा लिम्बू जातिको आर्थिक अवस्थालाई उठाउन विभिन्न आयमूलक सीपमूलक कार्यक्रमको व्यवस्था सरकारी तवरले गर्नुका साथै उनीहरुलाई शिक्षाप्रति जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, विद्यालयमा आएर पढ्ने मैत्रीपूर्ण वातावरणको व्यवस्था, विभिन्न शैक्षिक सामग्रीको व्यवस्थाको उपलब्धता, लिम्बू भाषाबाट पढाइ हुने पढाइलाई अनिवार्यता, लिम्बू शिक्षिकाको व्यवस्था, घरमा पढ्ने वातावरणको व्यवस्था, विद्यालयले छात्रवृत्ति र पोशाकको व्यवस्था, छोराछोरीको भेदभावको वातावरणको अन्त्य जातिगत अन्धविश्वास तथा सामाजिक सांस्कृतिक परम्परामा सुधार जस्ता कुराहरुको सञ्चालन गर्न सकेको खण्डमा उनीहरुको विद्यालयीय शिक्षामा अवश्यैपनि अगाडि बढ्ने देखिन्छ ।

## विषयसूची


| | | पृष्ठ संख्या |
|---|---|---|
| **सिफारिस पत्र** | | **i** |
| **स्विकृति पत्र** | | **ii** |
| **कृतज्ञता** | | **iii** |
| **शोधसार** | | **iv** |
| **विषयसूची** | | **v** |
| **तालिकासूची** | | **viii** |
| **परिच्छेद एक : परिचय** | | **१-८** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययन क्षेत्रको परिचय | ४ |
| १.३ | समस्याको कथन | ५ |
| १.४ | अनुसन्धानात्मक प्रश्न | ५ |
| १.५ | अध्ययनको उदेश्य | ६ |
| १.६ | अध्ययनको औचित्य | ६ |
| १.७ | अध्ययनको सीमाङ्कन | ७ |
| **परिच्छेद दुई : पूर्व साहित्यको पुनरावलोकन** | | **८-१४** |
| २.१ | सैद्धान्तिक साहित्यको समिक्षा | ८ |
| २.२ | लिम्बू भाषा र उक्त भाषाको शिक्षाको विकासमा अध्ययन | ९ |
| | २.२.१ अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.३ | अवधारणात्मक ढाँचा | १४ |
| **परिच्छेद तीन : अध्ययन विधि** | | **१५-२१** |
| ३.१ | अनुसन्धान ढाचाँ | १५ |
| ३.२ | जनसंख्या र नमूना | १५ |
| ३.३ | तथ्यांङ्क संकलनका साधनहरुको निर्माण | १६ |
| | ३.३.१ विद्यालय छनौट | १६ |
| | ३.३.२ शिक्षक शिक्षिका छनौट | १६ |
| | ३.३.३ अभिभावक छनौट | १७ |
| | ३.३.४ विद्यार्थी छनौट | १७ |
| | ३.३.५ शिक्षाप्रेमी तथा समाजसेवी छनौट | १७ |
| ३.४ | तथ्यांङ्क संकलन प्रक्रिया | १८ |

३.४.१ प्राथमिक तथ्याङ्क स्रोत १८

३.४.२ सहायक तथ्याङ्क स्रोत १८

३.५ तथ्याङ्क संकलनका साधनहरुको निर्माण १८

३.५.१ विद्यार्थीहरको अभिलेख विवरणको फारम १९

३.५.२ कक्षा अवलोकन फारम १९

३.५.३ शिक्षकका लागि अन्तरवार्ता १९

३.५.४ विद्यार्थीहरुका लागि अन्तरवार्ता २०

३.५.५ अभिभावकहरुका लागि अन्तरवार्ता २०

३.५.६ शिक्षाप्रेमी तथा समाजसेवीहरुका लागि अन्तरवार्ता २०

३.६ साधनको वैधता २०

३.७ तथ्याङ्क विश्लेषण र विवेचना २१

**अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण २२-३८**

४.१ लिम्बू जातिका बालबालिकाहरुको प्राथमिक विद्यालयहरुमा सहभागिताको स्थिति २२

४.१.१ अध्ययन क्षेत्रमा अवस्थित लिम्बू समूदायको जनसंख्या २२

४.१.२ लिम्बू समूदायका बालबालिकाको भर्ना दर २५

४.१.३ कक्षागत रुपमा लिम्बू समूदायको बालबालिकाको भर्नादर २५

४.१.४ प्राथमिक तहमा लिम्बू छात्रछात्राहरको औसत उपस्थिति २६

४.१.५ नमूना छनौटमा परेका लिम्बू समूदायका बालबालिकाहरुको कक्षा छाड्ने दर २७

४.१.६ नमूनामा परेका लिम्बू समूदायका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने अवस्था २९

४.२ लिम्बू समूदायका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने कारणहरुको शैक्षिक अभिभावकहरुको प्रतिक्रिया ३०

४.२.१ लिम्बू समूदायका बालबालिकाको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकको प्रतिक्रिया ३१

४.२.२ समाजसेवी तथा शिक्षाप्रेमीको प्रतिक्रिया ३२

४.२.३ लिम्बू बालबालिकाहरुले बिचैमा कक्षा छोड्ने कारणहरु ३२

४.२.४ लिम्बू बालबालिकाहरु दैनिक रुपमा विद्यालय शिक्षामा उपस्थिति नहुने कारणहरुबारे शिक्षक अभिभावकको प्रतिक्रिया ३४

४.२.५ लिम्बू समूदायका बालबालिकाहरुले नियमित उपस्थित गराउने बारे शिक्षकसँग प्रतिक्रिया ३५

४.३ लिम्बू बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा कमी हुनाका कारणहरु ३६
४.४ कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने लिम्बू समूदायका बालबालिकाको विवरण ३७
**अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ३९-४८**
५.१ प्राप्ति ३९
५.१.१ लिम्बू समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति ४०
५.१.२ प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाहरुको विद्यालयमा शिक्षामा सहभागिताबारे दृष्टिकोण ४१
५.१.३ प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाहरुको शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु ४३
५.२ निष्कर्ष ४४
५.३ सुझावहरु ४६
**सन्दर्भग्रन्थसुची**
**अनुसूची**

## तालिका सूची


पृष्ठ संख्या

तालिका नं. ४.१ : अध्ययन क्षेत्रमा अवस्थित लिम्बू समूदायको जनसंख्या विवरण २३

तालिका नं. ४.२ : लिम्बू जातिका बालबालिकाको भर्ना दर २४

तालिका नं. ४.३ : लिम्बू बालबालिकाहरुको कक्षागत भर्नाको स्थिति २५

तालिका नं. ४.४ : प्राथमिक तहमा लिम्बू र अन्य विद्यार्थीहरुको औषत उपस्थिति २६

तालिका नं. ४.५ : लिम्बू समूदायका बालबालिकाहरुको कक्षा छाड्ने दर २८

तालिका नं. ४.६ : लिम्बू समूदायका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने विवरण २९

तालिका नं. ४.७ : लिम्बू जातिका अभिभावकहरुले बालबालिकाको भर्ना नगरिदिएको बारेमा दिएको प्रतिक्रिया ३०

तालिका नं. ४.८ : लिम्बू बालबालिकाहरुको भर्नादर बारेमा शिक्षकहरुको प्रतिक्रिया ३१

तालिका नं. ४.९ : लिम्बू समूदायका बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरुबारे शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया ३३

तालिका नं. १० : शिक्षक अभिभावकको प्रतिक्रिया ३४

तालिका नं. ४.११ : लिम्बू बालबालिकाहरु विद्यालय शिक्षाको सहभागितमा कमी हुनाका कारणहरुबारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया ३६

तालिका नं. ४.१२ : कक्षा १ मा भर्ना भएका मध्ये लिम्बू बालबालिका कक्षा ५ मा पुग्ने लिम्बू विद्यार्थीहरुको संख्या विवरण ३७